# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ११


## कृतज्ञता

सबैभन्दा कठिन परिस्थितिमा पनि आनन्दित रहने कारणहरू अझै पनि हुन्छन्। जबसम्म धन्यवाद दिन सकिने कारणहरू छन्, तबसम्म आनन्दित हुने कारण पनि हुन्छ।

- JFH

## तपाईं कति पटक जन्मनुभयो?

जो एकपटक मात्र जन्मिएका छन्, तिनीहरू दुईपटक मर्छन्—तिनीहरू शारीरिक मृत्यु मर्छन् र अनन्त मृत्यु पनि मर्छन्। तर जो दुईपटक जन्मिएका छन्, तिनीहरू एकपटक मात्र मर्छन्; किनकि तिनीहरूमाथि दोस्रो मृत्युको कुनै अधिकार हुँदैन।

***"साँचो-साँचो म तिमीलाई भन्दछु, कोही मानिस नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्यलाई देख्न सक्दैन" (यूहन्ना ३:३)।***

## विश्वासको आधार

सबै तर्कसंगत सोचाइको मुख्य आधार परमेश्वरको अस्तित्व हो। म सर्वशक्तिमान, सर्वज्ञ, सर्वत्र उपस्थित परमेश्वरको तथ्यलाई स्वीकार गर्छु—र त्यसले सबै आश्चर्यकर्महरूलाई विश्वास गर्न योग्य बनाउँछ। त्यसैले बाइबलमा भएको कुनै पनि कुराले मलाई अचम्ममा पार्दैन। म विश्वास गर्छु—किनकि म परमेश्वरको तथ्यलाई स्वीकार गर्छु। - रोबर्ट जी. ली



## चराहरूबाट सिक्नुहोस्

यदि तपाईंले भँगेराको गुँड भत्काइदिनुभयो भने, उसले फेरि त्यही ठाउँमा गुँड बनाउँछ। तर यदि तपाईंले त्यसलाई बारम्बार भत्काइरहनुभयो भने, उसले अर्को ठाउँमा जान्छ—प्रायः पहिलेभन्दा अझ माथिल्लो स्थानमा—र त्यहाँ नयाँ गुँड बनाउँछ। तर मानिसहरू प्रायः त्यति बुद्धिमान हुँदैनन्। उनीहरू यही कमजोर र अस्थायी संसारमा नै आफ्नो खुशी र आशाको घर बनाइरहन्छन्। ती आशा र योजनाहरू धेरैपटक भत्किन्छन्, छरपस्ट हुन्छन्, र हराउँछन्। हरेकपटक निराशा, सुस्केरा र आँसु पछि पनि उनीहरू फेरि त्यही संसारमा आफ्ना सपना निर्माण गर्न थाल्छन्। हामीले त्यो चरा जस्तै हुन सिक्नुपर्छ। जब यसको गुँड नष्ट हुन्छ, यो फेरि बनाउँछ—तर अझ माथि। त्यसैले, मत्ती ६:१६–२० पढ्नुहोस्। - G.A. Gordon

---

**अनन्तकाल** गलत निर्णयका साथ बिताउनका लागि अत्यन्तै लामो समय हो।

---

## सुसमाचारले जीवन बदल्छ

धेरै सुसमाचार प्रचारक शिक्षकहरूले सित्तैंको र बिना शर्त अनुग्रहलाई यति जोड दिन्छन् कि पाप गम्भीर कुरा होइन र परमेश्वरले त्यसलाई धेरै गम्भीर रूपमा लिनुहुन्न जस्तो देखिन्छ। उनीहरूले यस्तो भान गराउँछन् कि परमेश्वरको मुख्य चिन्ता भनेको केवल हामीलाई पापका परिणामबाट बचाउनु मात्र हो। यसरी व्यवहारमा सुसमाचारको अर्थ यत्तिमात्र हुन्छ—हाम्रो विगतका खराब फलहरूबाट उम्कने उपाय।

तर जसले आफ्नै पापको भारीपन महसुस गरेको छ, र सर्वोच्च परमेश्वरको डरलाग्दो पवित्रता देखेको छ, उसले कहिल्यै परिवर्तन बिना केवल क्षमाको सन्देशलाई साँचो "सुसमाचार" मान्दैन। कसैको विगतलाई माफ गरेर उसको वर्तमान जीवन परिवर्तन नगर्नु भनेको उसको हृदयको नैतिक इमानदारीलाई नै कमजोर बनाउनु हो। परमेश्वर यस्तो काममा कहिल्यै सहभागी हुनुहुन्न। ख्रीष्टको कामको आधारमा पापीलाई उद्धारको वरदान दिनु, तर त्यससँग कुनै नैतिक अर्थ वा जिम्मेवारी छैन भन्ने सोच उसलाई राख्न दिनु भनेको उसलाई सबैभन्दा गहिरो रूपमा चोट पुर्‍याउनु हो।


© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ३ [४ मध्ये भाग ३]

## शाऊलपछिको सुलेमानको सत्यत्याग

परमेश्वरले दिनुभएको अद्वितीय बुद्धिको कारण, दाऊदको मृत्यु पछि सुलेमानले इस्राएललाई वैभव र ऐश्वर्यको चरम शिखरमा पुऱ्याए। उनका महान् उपलब्धिहरूमध्ये एक परमेश्वरको मन्दिर निर्माण गर्नु थियो (१ राजा ५–६)। मन्दिर समर्पण गरिँदा, परमेश्वरको विशेष उपस्थितिको चिन्हस्वरूप उहाँको महिमा त्यहाँ प्रकट भयो (१ राजा ८)। परमेश्वरले सुलेमानसँग करार गर्नुभयो—जबसम्म इस्राएल उहाँप्रति विश्वासयोग्य रहन्छ, उहाँले राष्ट्रलाई महान् आशिष् दिनुहुनेछ; तर यदि राष्ट्र सत्यत्यागमा गयो भने, उहाँले तिनीहरूलाई देशबाट निकाल्नुहुनेछ र मन्दिरलाई अस्वीकार गर्नुहुनेछ (१ राजा ९:१–९)।



*सुलेमानको मन्दिर*

शैतानले अझै पनि सम्पूर्ण राष्ट्रलाई सत्यत्यागमा डुबाउन र दाऊदको राजकीय वंशलाई समाप्त गर्न चाहन्थ्यो। त्यसैले उसले फेरि एकपटक आफ्नो आक्रमण राजामाथिबाट नै सुरु गऱ्यो। उसको सोच यस्तो थियो: जस्तो राजा, त्यस्तै राष्ट्र। सुलेमानले परमेश्वरको आज्ञाको प्रत्यक्ष अवज्ञा गर्दै ठूलो रथ र घोडचढी सेना खडा गरे (व्यवस्था १७:१५–१६)। फेरि, परमेश्वरको आज्ञाको विपरीत (व्यवस्था १७:१७), उनले धेरै पत्नीहरू विवाह गरे। जम्मा उनका ७०० पत्नी र ३०० उपपत्नी थिए (१ राजा ११:३)। तीमध्ये धेरै विदेशी तथा मूर्तिपूजक स्त्रीहरू थिए, जसलाई उनले राजनीतिक फाइदाका लागि विवाह गरेका थिए। यसरी उनले इस्राएलीहरूले विदेशीहरूसँग विवाह गर्नु हुँदैन भन्ने परमेश्वरको आज्ञा (१ राजा ११:१–२) फेरि उल्लङ्घन गरे। ती स्त्रीहरूले सुलेमानलाई आफ्ना देवताहरूका लागि इस्राएलमा उपासनास्थलहरू बनाउन र तिनीहरूसँग मिलेर आफ्ना मूर्तिहरूको पूजा गर्न दबाब दिए (१ राजा ११:४–८)। यसरी राजा सत्यत्यागी बने। उनको व्यवहारले मन्दिरको प्रभावलाई कमजोर बनायो र इस्राएलीहरूलाई साँचो परमेश्वर र झूटा देवताहरूबीचको भिन्नताबारे अन्योलमा पारिदियो।

सुलेमानको सत्यत्यागका कारण, परमेश्वरले उनका छोराबाट राज्यको धेरै भाग खोसिनेछ भनी प्रतिज्ञा गर्नुभयो, र सुलेमानको शासनको अन्तिम समयमा उहाँले उनका विरुद्ध शत्रुहरू उठाउनुभयो (१ राजा ११:६–४०)। ती शत्रुहरूमध्ये एक, यारोबामलाई, परमेश्वरले उत्तरका दस कुलहरू शासन गर्न दिने प्रतिज्ञा गर्नुभयो (१ राजा ११:२६–३६)। यो परमेश्वरको उपाय थियो—राष्ट्रको ठूलो भागलाई यहूदामा रहेको सत्यत्यागको स्रोतबाट अलग पार्न र दाऊदको वंश तथा यहूदालाई सत्यत्यागको परिणाम सिकाउन। राष्ट्रको एकताभन्दा मुक्तिदाताको आगमन बढी महत्वपूर्ण थियो। परमेश्वरको यस योजनालाई रोक्न शैतानले सुलेमानलाई यारोबामलाई मार्न प्रयत्न गरायो, तर यारोबाम उम्कन सफल भए (१ राजा ११:४०)।

## राज्यको विभाजन

सुलेमानका छोरा रहोबामको मूर्खताका कारण उत्तरका दस कुलहरूले विद्रोह गरे र यारोबामलाई राजा बनाएर आफ्नै शासन व्यवस्था स्थापना गरे (१ राजा १२:१–२४)। यसरी संयुक्त राज्य दुई भागमा विभाजित भयो—उत्तरमा इस्राएलको राज्य र दक्षिणमा यहूदाको राज्य।

## उत्तरी राज्यको पतन र विनाश

शैतान दक्षिणी राज्यमा मात्र सत्यत्याग सीमित रहोस् भन्नेमा सन्तुष्ट थिएन। उसले उत्तरी राज्यमा पनि सत्यत्याग भित्र्याउन डरलाई आफ्नो साधन बनायो। यारोबामलाई डर थियो—यदि उनका प्रजाहरू यहूदामा रहेको मन्दिरमा निरन्तर आराधना गर्न गए भने, अन्ततः उनीहरूले रहोबामप्रति आफ्नो निष्ठा फर्काउनेछन्। यसलाई रोक्न यारोबामले दुईवटा मूर्तिहरू खडा गरे र उत्तरी राज्यका लागि नक्कली पूजारी व्यवस्था तथा झूटा धार्मिक प्रणाली स्थापना गरे। उनले स्वयं उत्तरी

इस्राएलीहरूलाई यस सत्यत्यागी आराधनामा नेतृत्व गरे (१ राजा १२:२५–३३)। यारोबाम यस सत्यत्यागमा अडिग रहेकाले, परमेश्वरले उत्तरी राज्यलाई प्रहार गर्ने र त्यसलाई यूफ्रेटिस नदी पारिको कैदमा पठाउने चेतावनी दिनुभयो (१ राजा १३:१–१४:१६)।

यद्यपि उत्तरी राज्यले यहूदाभन्दा पछि सत्यत्याग अंगीकार गऱ्यो, त्यसले यहूदाभन्दा अझ घोर र भ्रष्ट रूपहरूलाई निरन्तर रूपमा पछ्यायो। आफ्नो सम्पूर्ण इतिहासमा उत्तरी राज्यमा जम्मा उन्नाइस जना राजाहरू भए, र ती प्रत्येक राजा स्वभाव, नीति र व्यवहार सबैमा सत्यत्यागी नै थिए। तीमध्ये सबैभन्दा दुष्ट राजा आहाब थिए। उनकी पत्नी फोनिसियाकी राजकुमारी इजेबेल थिइन्—अत्यन्त कुटिल र दुष्ट स्वभावकी (१ राजा २१:२५–२६; १६:३१)। इजेबेलको प्रभाव र प्रेरणामा आहाबले राजधानी शहरमा बालका लागि मन्दिर निर्माण गरे, बालपूजालाई राज्यको आधिकारिक धर्म घोषणा गरे, बाल देवता र अशेरा देवीका ८५० जना अगमवक्ताहरूलाई देशमा भित्र्याएर संरक्षण दिए, परमेश्वरका धेरैजसो अगमवक्ताहरूको हत्या गराए, र परमेश्वरको साँचो आराधनालाई लगभग समाप्त पारिदिए। यसरी उत्तरी राज्यले केवल सत्यत्यागलाई सहन मात्र गरेन, तर त्यसलाई राज्यको नीतिका रूपमा संस्थागत गऱ्यो र सम्पूर्ण राष्ट्रलाई झूटा देवताहरूको पूजातर्फ डोऱ्यायो।

परमेश्वरले उत्तरी राज्यमा फैलिएको सत्यत्यागको सामना गर्न धेरै अगमवक्ताहरू पठाउनुभयो र तिनीहरूलाई पश्चात्ताप गराउन चेतावनीस्वरूप विभिन्न प्रकारका न्यायहरू ल्याउनुभयो। ती अगमवक्ताहरूले घोषणा गरे—यदि इस्राएलले पश्चात्ताप गरेनन् भने, परमेश्वरले एउटा विदेशी शक्तिलाई उठाएर तिनीहरूलाई प्रहार गराउनुहुनेछ र कैदमा लैजानुहुनेछ (होशे ११:५; आमोस ६:१४; ६:८–१०)।

धेरै चेतावनी र न्यायहरूका बाबजुद पनि इस्राएलका मानिसहरूले पश्चात्ताप गर्न मानेनन्। त्यसकारण परमेश्वरले आफ्ना सत्यत्यागी प्रजालाई ताडना दिन अश्शूरी साम्राज्यलाई आफ्नो साधनका रूपमा उठाउनुभयो (यशैया १०:५–६)। ईसा पूर्व ७३४ र ७३२ मा अश्शूरीहरूले उत्तरी राज्यमाथि आक्रमण गरे। उनीहरूले गालील र यर्दन नदीको पूर्वतर्फको भूभाग आफ्नो अधीनमा लिए, त्यहाँका इस्राएलीहरूलाई बन्दी बनाएर लगे, र इस्राएली राजालाई आफ्नो करदाता अधीनस्थ बनाए (२ राजा १५:२६)। पछि उत्तरी राज्यले विद्रोह गरी मिश्रसँग गठबन्धन गरेपछि, अश्शूरीहरू ईसा पूर्व ७२५ मा पुनः आए र राजधानी सामरियालाई घेरे। तीन वर्षको घेराबन्दीपछि, ईसा पूर्व ७२२ मा सामरिया पतन भयो। इस्राएलीहरूलाई पर्सियाका विभिन्न



***ईसा पूर्व ७२२: उत्तरी राज्यको अश्शूरमा निर्वासन***

क्षेत्रहरूमा बन्दी बनाएर लगियो। यस घटनासँगै उत्तरी राज्यको अन्त्य भयो। यसको निरन्तर र जिद्दी सत्यत्यागका कारण, यसको अस्तित्व दुई शताब्दीभन्दा अलि बढी (ईसा पूर्व ६३१–७२२) मात्र टिक्न सक्यो।

**साभार:** What On Earth Is God Doing by Renald Showers

*(क्रमश: आगामी अंकमा)*

***“हे पत्नीहरूहो, प्रभुको अधीनमा रहेझैं आफूलाई आ-आफ्ना पतिको अधीनमा सुम्प” (एफेसी ५:२२)”***

साँचो स्त्रीका लागि प्रेम गर्नु स्वाभाविक कुरा हो; स्नेह उसको हृदयमा गहिरो र दृढ रूपमा रोपिएको हुन्छ। त्यसैले उसलाई आफ्ना पतिलाई प्रेम गर्न विशेष रूपमा सम्झाइरहनु आवश्यक पर्दैन। तर उसले प्रभुप्रति जस्तै आफ्नो पतिप्रति अधीन रहनुपर्ने कर्तव्य सजिलै बिर्सन सक्छ, र कहिलेकाहीँ नेतृत्व लिन वा नियन्त्रण गर्न खोज्न सक्छ। हव्वाजस्तै, उसले आफ्नो निर्धारित स्थान बिर्सेर अगाडि बढ्न खोज्दा पाप र अवज्ञामा पर्न सक्छ। त्यसकारण उसलाई सम्झाइनु आवश्यक छ कि उसले आफ्नो पतिलाई आदर गरोस्, उससँग सल्लाह गरोस्, र आफ्नो शिरको रूपमा उसप्रति विनम्र अधीनतामा जीवन बिताओस्। -R.K. Campbell

## अस्थिपञ्जर: ईश्वरीय बुद्धिको प्रमाण

मानव शरीरमा २०६ वटा हड्डी हुन्छन्, र यी वास्तवमै अद्भुत बनावटका हुन्छन्। यी हड्डीहरूको सहाराले



शरीरका सबै अंग र तन्तुहरू आफ्ना–आफ्ना स्थानमा सम्हालिएका हुन्छन्। साथै, तिनीहरूले मस्तिष्क, फोक्सो, मुटु र मेरुदण्डलाई बाहिरी चोटबाट जोगाउने सुरक्षा प्रदान गर्छन्। हड्डीहरूले टेकुवा (लेभर) जस्तै काम गर्छन्। जब मांसपेशीहरू खुम्चिन्छन्, हड्डीहरूको सहयोगले शरीरका भागहरू चल्न सक्छन्। हड्डीहरू आवश्यक खनिजहरूको भण्डार पनि हुन्। शरीरलाई चाहिने क्याल्सियमको ९९ प्रतिशत र फस्फोरसको ८८ प्रतिशत हड्डीहरूमा नै संग्रहित हुन्छ। साथै, शरीरलाई सूक्ष्म मात्रामा चाहिने तत्त्वहरू पनि हड्डीभित्रै भण्डारण गरिएका हुन्छन्। यसका अतिरिक्त, हड्डीहरू रासायनिक कारखानाजस्तै पनि काम गर्छन्। हड्डीभित्रको अस्थिमज्जाले रातो रक्तकोशिका, केही सेता र‘क्तकोशिका र प्लेटलेटहरू उत्पादन गर्छ।

अचम्म लाग्ने कुरा के हो भने, जब कुनै हड्डी भाँचिन्छ, त्यसले तुरुन्तै आफैँलाई मर्मत गर्न थाल्छ। इन्जिनियरहरू सधैँ बलियो र हल्का निर्माण सामग्री बनाउन प्रयास गरिरहेका हुन्छन्। तर अहिलेसम्म उनीहरूले यस्तो कुनै पदार्थ बनाउन सकेका छैनन्, जुन निरन्तर बढिरहने होस्, आफैँ चिप्लो रहने होस् (अर्थात् छुट्टै तेल वा ग्रीस नचाहिने), काम बन्द गर्न नपर्ने होस्, र क्षति हुँदा आफैँ मर्मत हुने होस्। मानव शरीरको कंकाल संरचना भने सामग्रीको गुण र बनावट दुवै हिसाबले अत्यन्त उपयुक्त छ। यसको संरचनात्मक व्यवस्था र प्रयोग गरिएको पदार्थ यस्तो छ कि यसभन्दा राम्रो संयोजन सोच्न पनि गाह्रो हुन्छ।

हाम्रा हड्डीहरू केवल उत्परिवर्तन, प्राकृतिक छनोट र लामो समयको प्रक्रियाबाट मात्र बनेका हुन्, र तिनको कुनै योजनाकार वा डिजाइनकर्ता छैन भन्ने शिक्षा स्वीकार गर्नु पूर्ण रूपमा मूर्खतापूर्ण कुरा जस्तो देखिन्छ।

साभार: The Human Body: Accident or Design?

**“हेर, मुक्तिको दिन अहिले हो”**

२ कोरिन्थी ६:२

**क्षमाशील हुनु** ख्रीष्टिय जीवनको अनिवार्य गुण हो। येशूले हामीलाई अरूलाई क्षमा गर्न सिकाउनुभयो, किनकि क्षमाले सम्बन्ध सुधार्छ, मनलाई हलुका बनाउँछ र आत्मिक शान्ति दिन्छ। बाइबलले भन्छ, “जसरी ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरूले पनि क्षमा गर” (कलस्सी ३:१३)। क्षमाले घाउ होइन, उपचार ल्याउँछ।

## हार नखाने किसान

अन्न भित्र्याउँदा किसानको अनुहार उज्यालो र आनन्दित देखिन्छ। तर त्यस खुसी पछाडि रहेको परिश्रम, लगानी, दुःख, बाधा र धैर्यलाई हामी प्रायः देख्दैनौँ। किसानको ध्यान भने एउटै लक्ष्यमा हुन्छ—उब्जनी। यही उब्जनीले उसको हृदयमा आनन्द र अनुहारमा उज्यालोपन ल्याउँछ। त्यसैले साँचो किसान कहिल्यै हार मान्दैन।



जति नै परिश्रम किन नलागोस्—बिहान सबेरैदेखि अबेरसम्म, गिलो होस् वा रूखो जमिन, खन्नु परोस् वा जोत्नुपरोस्, डल्ला फुटाउनुपरोस्; जति नै घाम, झरी वा हिउँ परोस्; जति नै दुःख उठाउन र धैर्य धर्नुपरोस्—साँचो किसान पछि हट्दैन।

बाइबलमा परमेश्वर पितालाई किसानको रूपमा चित्रण गरिएको छ (यूहन्ना १५:१)। उहाँ आत्मिक साँचो किसान हुनुहुन्छ, जसले हाम्रो जीवनमा गर्नुपर्ने काममा कहिल्यै हार मान्नुहुन्न।

विश्वासीहरूलाई पनि किसानसँग तुलना गरिएको छ (भजनसंग्रह १२६:५–६; यूहन्ना ४:३५–३८)। सुसमाचारको काममा हामी पनि किसानझैँ हुन बोलाइएका छौँ। त्यसैले प्रश्न उठ्छ—के हामी परमेश्वरको काममा हार नखाने असल किसान भएका छौँ? गलाती ६:९ ले भन्छ: यदि हामी हरेस खाँदैनौँ भने ठीक समयमा कटनी गर्नेछौँ।

- DN